**निर्णय:-**

१. प्रत्यायोजित व्यववस्थापन तथा सरकारी आश्वासन समितिको कार्यविधि, २०७५ को मस्यौदामाथि दफावार छलफल गरी परिमार्जन सहित सर्वसहमतिले पारित गरियो ।

२. उपसमिति गठन गर्ने सम्बन्धमा आगामी बैठकमा उपसमितिको कार्यक्षेत्र सहितको प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

३. यस समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन देहाय बमोजिमको सार्वजनिक सूचना सर्वसहमतिले पारित गरी सोको प्रकाशन गर्ने व्यवस्थाका लागि समिति सचिवालयलाई निर्देश गरियो ।

## संघीय संसद

### राष्ट्रिय सभा

### प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सार्वजनिक सूचना

संघीय व्यवस्थापिकाबाट निर्मित ऐनहरु कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सरकार, सर्वोच्च अदालत, संवैधानिक अंग वा संगठित संस्थालाई आवश्यक नियमावली, गठन आदेश, निर्देशिका, कार्यविधि, विनियमावली, मापदण्ड, परिपत्र, आदेश/सूचना जारी गर्दा प्रत्यायोजन गरिएको अधिकार तत् तत् निकायबाट कसरी प्रयोग भएको छ । र, त्यस्तो अधिकार अन्तर्गत जारी भएका विधि प्रत्यायोजित विधायनको सिद्धान्त तथा ऐनको उद्देश्य बमोजिम छ वा छैन वा ऐनको उद्देश्यसँग बाझिएको छ वा छैन भन्ने सम्बन्धमा आवश्यक जाँचबुझ, अनुगमन एवम् परीक्षण गरी त्रुटी देखिएमा आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा खारेज वा संशोधनका लागि सम्बन्धित निकायलाई निर्देशन दिन र सो सम्बन्धी सिफारिस सहितको प्रतिवेदन राष्ट्रिय सभामा पेश गर्नका लागि यो समिति क्रियाशील रहेको छ ।

तसर्थ, नेपालको संविधान र प्रचलित संघीय ऐन अन्तर्गत जारी गरिएका नियमावली, गठन आदेश, निर्देशिका, कार्यविधि, विनियमावली, मापदण्ड, परिपत्र, आदेश/सूचनाका प्रावधान नेपालको संविधान र ऐनको उद्देश्य प्रतिकूल भई वा बाझिन गई कार्यान्वयनमा असहजता भएको छ वा व्यवस्थापिकाले प्रत्यायोजन गरेको अधिकारको दुरुपयोग भएको छ भन्ने देखेको वा लागेको भए सो विषयमा कुनै पनि व्यक्तिले देहायको ठेगानामा

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

सम्पर्क गरी लिखित रुपमा हुलाक वा ईमेल वा अन्य माध्यमबाट पठाई सहयोग गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

<u>सम्पर्क ठेगाना</u>

राष्ट्रिय सभा

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति,

संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौँ ।

फोनः ०१४२११९६२ / ०१४२००२६१

इमेलः deligated@parliament.gov.np

४. समितिको अर्को बैठक पछि सूचना गर्ने गरी स्थगित गरियो ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति